जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक ७७ | २०७८ साल असोज २७ गते बुधबार (13 Oct. 2021 Wednesday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, डुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नौ लाखले उपत्यका ... ३ पृष्ठमा : निष्पक्ष छानबिन गरी ... ३ पृष्ठमा : मालदिभ्समा यस वर्ष नौ लाख ...

## पचहत्तर शैय्याको कार्डिक सेन्टर र एनेक्स भवनको शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा सोमबार ७५ शैय्याको आधुनिक कार्डिक सेन्टर र एनेक्स भवनको शिलान्यास गरिएको छ।

प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले संघीय सरकारको शहरी विकास मन्त्रालयको एकीकृत स्वास्थ्य विकास कार्यक्रम अन्तर्गत २३ करोड ७५ लाख ८७ हजारको लागतमा निर्माण हुने उक्त कार्डिक सेन्टर र एनेक्स भवनको शिलान्यास गरेका हुन्।

भवन शिलान्यास गर्दै मन्त्री साहले नेपाल सरकारको खरिद ऐनलाई समयानुकूल परिमार्जन गर्नुपर्ने बताउँदै सरकारको खरिद ऐनका कारण देशभरी निर्माण कार्यहरू अलपत्र परेको बताए।

उनले संघीय सरकारले ऐन परिमार्जन गर्न नसकेर समस्या उत्पन्न भएको हुँदा प्रदेश सरकारले आफै खरिद ऐन ल्याउन लागेको उल्लेख गरे।

प्रदेश सरकारले दलितका लागि स्वास्थ्य बिमा तथा प्रत्येक पालिकामा स्वास्थ्य क्लिनिक जस्ता योजना प्रदेश सरकारले ल्याउन लागेको उल्लेख गर्दै उनले अब प्रदेश २ का जनताले स्वास्थ्य सेवा लिन बाहिर जानु नपर्ने कार्ययोजना बनाएको जानकारी दिए।

कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, अस्पतालका मेसु डा. रन्जित झालगायतका स्थानीय जनप्रतिनिधि, कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो।

अस्पताल परिसर भित्र निर्माण हुन लागेको उक्त भवन निर्माणका लागि साह प्रेरा जेभीले झण्डै ६५ प्रतिशत बिलोमा १५ करोड २६ लाख ९३ हजारमा टेन्डर कबोल गरेको छ भने उक्त भवन २१ महिना २०८० साल असार २३ गते भित्र कार्य सम्पन्न गर्ने सम्झौता गरेको जनाइएको छ।

## बस दुर्घटनामा चालकसहित ३२ को मृत्यु

कर्णाली, २६ असोज (रासस)। मुगुमा मंगलबार भएको बस दुर्घटनामा परी ३२ जनाको मृत्यु भएको छ। प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार २४ जनाको घटनास्थलमा, चार जनाको उद्धारका क्रममा ताल्चा विमानस्थल र बाँकी चार जनाको नेपालगञ्जमा उपचारको क्रममा मृत्यु भएको हो। मृत्यु हुनेमा २२ पुरुष र १० महिला छन्।

नेपालगञ्जबाट मुगु

*बाँकी दुई पृष्ठमा*

## वडा अध्यक्षले दलित यूवकलाई कुटपिट गरेको दाबी

**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**

सप्तरीको रुपनी गाउँपालिकाका एक २५ बर्षीय दलित युवकमाथि निर्घात कुटपिट गरिएको छ।

सो गाउँपालिका वडा नं. १ का अध्यक्ष पिताम्बर यादवले स्थानीय पुरुषोत्तम सदालाई कुटपिट गरेको आरोप लगाइएको छ।

पञ्चायतीमा बोलाइएको बेला वडा अध्यक्ष यादवले कुटपिट गरेको स्थानीयले बताएका छन्। कुटपिटमा परी युवक गम्भीर घाइते भएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

घटना स्थलमा प्रहरी पुग्दा सबैजना फरार रहेको तथा घाइते युवकलाई राजबिराजस्थित गजेन्द्रनारायण अस्पतालमा उपचारका लागि ल्याइएको छ।

यता घटनाबारे प्रहरीलाई जानकारी आएको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी उपरीक्षक माधव

*बाँकी अन्तिम पृष्ठमा*

**श्री छिन्नमस्ता भुपेन्द्र संस्कृत माध्यमिक विद्यालय सखडा**
**छिन्नमस्ता गा.पा.-३, सप्तरी**
**स्थापितः २००८**

फोनः ०३१-४२००२५

प.सं.:- २०७८/०७९
च.नं.:-
कोड नं. १५०२७०००३

प्रवेश नं.-२
मिति :. २०७८/०६/१७

**विषयः मतदान कार्यतालिका प्रकाशन गरिएको सम्बन्धमा ।**

श्रीमान्:........................................।
अभिभावक सबैमा ।
श्री छि.भू.सं.मा.वि.,सखडा,सप्तरी ।

उपरोक्त सम्बन्धमा, यस विद्यालयको विद्यालय व्यवस्थापन छनौट सहयोग समिति तथा सहजीकरण समितिको मिति २०७८।०६।१६ गते शनिबार बसेको बैठकको निर्णय अनुसार मतदान कार्यतालिका आजकै मितिमा प्रकाशन गर्ने कार्यक्रम रहेको हुँदा उक्त बैठकमा भएको निर्णय वमोजिम तपशीलअनुसारको मतदान कार्यतालिका प्रकाशन तथा सार्वजनिक गरिएको व्यहोरा जानकारीका लागि सम्बन्धित सबैमा अनुरोध छ ।

*मतदान कार्यतालिका*

| क्रसं | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | अभिभावक नामावली प्रकाशन | २०७८ कार्तिक १ गते | विद्यालय समयमा |
| २ | प्रकाशित अभिभावक नामावली उपर दावी विरोध | २०७८ कार्तिक २ र ३ गते | विद्यालय समयमा |
| ३ | अभिभावकको अन्तिम नामावली प्रकाशन | २०७८ कार्तिक ४ गते | विद्यालय समयमा |
| २ | उम्मेदवारी दर्ता | २०७८ कार्तिक ५ गते | बिहान ११:00 बजेदेखि दिउँसो ४:00 बजेसम्म |
| ३ | उम्मेदवारको नामावली प्रकाशन | २०७८ कार्तिक ५ गते | दिउँसो ४:00 बजेदेखि साँझ ५:00 बजेसम्म |
| ४ | उम्मेदवार उपर दावी विरोध | २०७८ कार्तिक ६ गते | बिहान १0:00 बजेदेखि दिउँसो २:00 बजेसम्म |
| ५ | उम्मेदवारी फिर्ता | २०७८ कार्तिक ७ गते | दिउँसो १०:00 बजेदेखि दिउँसो ३:00 बजेसम्म |
| ६ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७८ कार्तिक ७ गते | दिउँसो ३:00 बजेदेखि दिउँसो ३:३० बजेसम्म |
| ७ | चुनाव चिन्ह प्रदान | २०७८ कार्तिक ७ गते | दिउँसो ३:३० बजेदेखि साँझ ५:00 बजेसम्म |
| ८ | चुनाव चिन्ह सहितको उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७८ कार्तिक ७ गते | साँझ ५:00 बजेदेखि साँझ ६:00 बजेसम्म |
| ९ | मतदान | २०७८ कार्तिक १३ गते शनिबार | बिहान ८:00 बजेदेखि साँझ ५:00 बजेसम्म |
| १० | मत गणना | २०७८ कार्तिक १३ गते शनिबार | मतदान कार्य सम्पन्न भएपछि |
| ११ | मत परिणाम घोषणा | २०७८ कार्तिक १३ गते शनिबार | मतगणना कार्य सम्पन्न भएपछि |

लालबहादुर मण्डल
सदस्य सचिव

**मंगलमय शुभकामना**

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**माँगिलाल नाई**
**अध्यक्ष**
**राजविराज ७, सप्तरी**

# नौ लाखले उपत्यका छाडे

काठमाडौँ, २७ असोज (रासस)।

यो महिनामा झण्डै नौ लाख नागरिकले काठमाडौँ उपत्यका छाडेका छन्। दसैँ, तिहार, छठलगायतका पर्वमा घर जानेको सङ्ख्या दैनिक बढिरहेको छ।

असोज महिनाको १ गतेबाट अहिलेसम्म उपत्यका छाड्नेको सङ्ख्या नौ लाख पुगेको र अझै बढ्ने देखिएको यातायात व्यवसायीले बताएका छन्। यो वर्ष गत वर्षभन्दा दोब्बर यात्रु उपत्यकाबाट बाहिरिने अनुमान गरिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्का महासचिव सरोज सिटौलाले बताउनुभयो।

उहाँका अनुसार दसैँको अघिल्लो दिनसम्ममा झण्डै १२ लाख उपत्यकाबाट बाहिरिने अनुमान गरिएको छ। उहाँले भन्नुभयो, "दुईतीन दिनमा उपत्यका छाड्नेको सङ्ख्या अझै बढ्नेछ।"

दुईवर्ष पहिलेसम्म २५ लाखभन्दा बढीले दसैँको समयमा उपत्यका छाड्ने गरेका थिए। गतवर्ष कोभिड- सङ्क्रमणको जोखिम रहेकाले त्यो सङ्ख्या ह्वात्तै घटेको थियो। झण्डै चारपाँच लाखले मात्रै गतवर्ष उपत्यका छाडेको अनुमान गरिएको थियो। यो वर्ष गत वर्षभन्दा बढी यात्रु भए पनि सामान्य अवस्था भन्दा धेरै कम छन्। उहाँले भन्नुभयो, "अघिल्लो वर्ष अग्रिम टिकट नै खुलाइएको थिएन, अहिले खुलाइएको छ।"

सरकारले घटस्थापना (असोज २१) देखि नै सवारीसाधन जुनसुकै रुटमा गुड्न पाउने गरी खुला गरिसकेको छ। यातायात व्यवसायीले सोही दिनदेखि अग्रिम टिकट खुलाएको थियो। यात्रुलाई समस्या नहोस् भनी ठाउँठाउँमा विभिन्न स्थानमा सहायता कक्ष रहेका छन्।

घटस्थापनाको केही दिनसम्म पनि कार्यालय सञ्चालन हुने भएकाले सार्वजनिक बिदादेखि नै उपत्यका छाड्नेको सङ्ख्या बढ्ने गर्छ। यतिबेला यात्रु एकोहोरो जाने मात्रै धेरै रहेको महासचिव सिटौलाले बताउनुभयो।

विजया दशमीको दिनदेखि भने काठमाडौँ उपत्यका फर्कनेको सङ्ख्या धेरै हुनेछ। उहाँले भन्नुभयो, "अहिले भरिएर गएका बस रित्तै आइरहेका छन् भने टीकाको भोलिपल्टदेखि यहाँबाट रित्तै गएर भरिएर आउँछन्।"

दसैँको समयमा सडकमा सवारीसाधनको चाप ह्वात्तै बढ्ने भए पनि यो वर्ष देशभरका धेरै सडक बिग्रिएका थिए। केही दिन पहिलेसम्म पनि वर्षा नरोकिएकाले मर्मत सुरु गर्न नसकिएको सडक विभागले जनाएको थियो। एक सातायता भने तीव्र रूपमा मर्मत भइरहेको छ।

दसैँको टीकाको दिनदेखि पूर्णिमासम्म नै फर्किनेको चाप भएकाले सडक तयारी अवस्थामा हुनुपर्ने उहाँले बताउनुभयो।

# हकिवका परिवारलाई क्षतिपूर्तिका लागि सिफारिस

इनरुवा, २६ असोज (रासस)।

जिल्ला प्रहरी कार्यालय सुनसरीका हिरासतमा आत्महत्या गरेका हकिव मियाँको परिवारलाई क्षतिपूर्तिका लागि गृह मन्त्रालयमा सिफारिस गरिएको छ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अध्यक्षमा जिल्ला प्रशासन कार्यालय सुनसरीमा सोमबार सम्पन्न सरोकारवालाको बैठकले सो सिफारिस गरिएको सहायक प्रमुख जिल्ला अधिकारी महेशकुमार पोखरेलले जानकारी दिनुभयो।

भोक्राहा नरसिंह गाउँपालिका-५ का मियाँले गत आइतबार आत्महत्या गरेको बताइएको छ। बैठकले हकिवले आत्महत्या गरेका विषयमा छानबिन गर्ने र कोही दोषी देखिए आवश्यक कारबाही गर्ने, घटनाको सत्यतथ्य सार्वजनिक गर्ने र सामाजिक सद्भाव कायम गर्ने निर्णय गरेको सहायक प्रजिअ पोखरेलले बताउनुभयो।

मृतक परिवार र प्रशासनबीच सहमतिपछि पीडित परिवारले शव बुझेका छन्। बैठकमा इनरुवा नगरपालिकाका प्रमुख राजन मेहता, कोसीका अध्यक्ष अयुव अन्सारी, हरिनगरका अध्यक्ष गफार अन्सारी, भोक्राहा नरसिंह गाउँपालिकाका कावा अध्यक्ष पुनमकुमारी मेहता सहभागिता थियो।

यसैगरी नेपाली कांग्रेसका सुनसरी सचिव केदार भण्डारी, नेकपा (माओवादी केन्द्र)का योगेन्द्रप्रसाद मण्डल (पप्पु), जनता समाजवादीका अध्यक्ष भगिरथ खत्वे, नेकपा (एमाले)का राम कोइराला, नेपाल पत्रकार महासङ्घ सुनसरीका कोषाध्यक्ष अजितकुमार झा, समाजसेवी भुवनेश्वर यादव, मौलाना हारुन खाँ सुनसरीका प्रहरी प्रमुख सञ्जयसिंह थापालगायतको पनि सहभागिता थियो।

## *बस दुर्घटनामा ...*

सदरमुकाम गमगढी जाँदै गरेको भे१ख ३१६७ नम्बरको उक्त बस मध्याह्न १२ बजेतिर छायाँनाथ रारा नगरपालिका-७ स्थित पिनाटपने खोलामा दुर्घटनामा परेको थियो। प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक जीवन लामिछानेले चालक दलबहादुर रावलको मात्र सनाखत भएको र बाँकी मृतकको सनाखत हुन समय लाग्ने जानकारी दिनुभयो।

प्रहरीले चालकतर्फको टायर पञ्चर भई दुर्घटना भएको हुनसक्ने अनुमान गरेको छ। यद्यपि दुर्घटनाको कारण थप अनुसन्धानबाट मात्र यकिन हुने प्रदेश प्रहरी कार्यालयले जनाएको छ। बस सडकबाट अन्दाजी ३०० मिटर तल खसेको थियो। नेपालगञ्जबाट सोमबार छुटेको उक्त बसमा ४५ यात्रु सवार थिए।

घाइतेलाई सुर्खेत बेस क्याम्पमा रहेको नेपालीको सेनाको हेलिकप्टर र समिट एअर विमानमार्फत नेपालगञ्ज पुऱ्याइएको थियो। घाइतेको बाँकेको कोहलपुर र नेपालगञ्ज मेडिकल कलेज उपचार भइरहेको छ। सामान्य घाइते छ वर्षीया एक बालिकाको मुगु जिल्ला अस्पतालमा उपचार भइरहेको छ। मृतक मुगुको गमगढी, छायाँनाथ रारा नगरपालिका क्षेत्रकै बढी रहेको बताइएको छ। दुर्घटनालगत्तै मुगुबाट प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतसहित सुरक्षा निकायका प्रमुख उद्धारका लागि खटिएका थिए। प्रदेश प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ऐरले जिल्ला प्रहरीलाई दुर्घटनाको खबर आउने बित्तिकै उद्धार गरेर उपचारका लागि पठाइएको बताउनुभयो। उहाँका अनुसार हाल १३ जना उपचाररत छन्।


**मंगलमय शुभकामना**

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**शम्भु प्रसाद यादव (लाली)**
**अध्यक्ष**
**राजविराज ९, मलेठ, सप्तरी**

**मंगलमय शुभकामना**

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



**जयनारायण मण्डल**
**अध्यक्ष**
**राजविराज ८, सप्तरी**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. रंजना गिरी**
**Dr. Ranjana Giri**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



# निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्न आयोगको आग्रह

काठमाडौँ, २६ असोज (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले रुपन्देही घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाही गरी घाइतेको निःशुल्क उपचार गर्न सरकारसँग आग्रह गरेको छ।

रुपन्देहीस्थित प्रस्तावित मोतिपुर औद्योगिक क्षेत्रको जग्गामा अस्थायी टहरा बनाई बसेका व्यक्तिहरूलाई सुरक्षाकर्मीहरूले हटाउने क्रममा भएको झडपमा सुरक्षाकर्मीको गोली लागी चारजना प्रदर्शनकारीको मृत्यु र घाइते भएको घटनालाई लिएर आयोगले निष्पक्ष छानबिन गर्न माग गरेको हो।

"व्यक्तिको ज्यानै जाने गरी भएको उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन, मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ," आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले भन्नुभयो, "घाइतेहरूको निःशुल्क उपचार गराउन तथा वास्तविक घरबारविहीनहरूको पहिचान गरी यथोचित स्थानमा बसोबासको व्यवस्था मिलाउनुपर्छ।"

आयोगले उक्त घटनाबाट उत्पन्न परिस्थितिबाट मानव अधिकारको प्रत्याभूति र शान्ति सुरक्षाको बहालीमा थप चुनौती हुन नदिनका लागि संयममता अपनाई विवादको समाधान वार्ताको माध्यमबाट गर्न आयोगले सम्बद्ध सबै पक्षलाई अनुरोधसमेत गरेको छ।

आयोगका प्रवक्ता डा पोखरेलका अनुसार उक्त घटनाको आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलले अनुगमन सुरु गरेको छ। आयोगको टोलीले उक्त घटनाका सम्बन्धमा प्रारम्भिक अनुगमन गर्दा सुरक्षाकर्मीले प्रस्तावित औद्योगिक क्षेत्रको जग्गामा बनाइएका अस्थायी घरटहरा र प्रदर्शनकारीलाई हटाउने क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच दोहोरो झडप भएको पाइएको छ।

उक्त झडप हुँदा प्रदर्शनकारीतर्फ चार जनाको मृत्यु भएको, सुरक्षाकर्मी र प्रदर्शनकारी दुवैतर्फ गरी ६० जना जति व्यक्तिहरू घाइते भएका, समाचार सङ्कलनमा गएका पत्रकारसमेत प्रदर्शनकारीको निसानामा परेका, गम्भीर घाइतेहरूमध्ये दुई जनालाई उपचारका लागि काठमाडौँ पठाइएको तथा अन्यको स्थानीय अस्पतालमा उपचार भइरहेको जनाइएको छ। मृतकमध्ये एकजनाको मात्र सनाखत भएको र हाल घटनास्थलमा थप सुरक्षाकर्मीहरू परिचालन गरिएको पाइएको छ। यस घटनाबाट व्यक्तिको बाँच्न पाउने अधिकारको गम्भीर हनन हुन पुगेको आयोगले जनाएको छ।

# स्वास्थ्य मापदण्ड पालना गरेर दसैँ मनाउन अनुरोध

काठमाडौँ, २६ असोज (रासस)।

सुशील कोइराला मेमोरियल फाउन्डेसनले कोरोना जोखिम केही कम भए पनि महामारी पूर्ण रूपमा अन्त्य नभएकाले सचेतताका साथ बडादसैँ मनाउन आह्वान गरेको छ।

फाउन्डेसनका अध्यक्ष एवं नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइराला र सदस्य सचिव अतुल कोइरालाले मंगलबार विज्ञप्ति जारी गरी स्वास्थ्य सुरक्षाका विधि अपनाएर दसैँ मनाउन अनुरोध गर्नुभएको हो। नेपालीको महान् चाड दसैँ, शुभदीपावली, नेपाल संवत् एवं छठजस्ता सांस्कृतिक पर्वले सबै नेपालीलाई एकताको सूत्रमा बाँध्ने भएकाले पर्व मनाउँदा स्वास्थ्य सुरक्षालाई पनि ध्यान दिन विज्ञप्तिमा आह्वान गरिएको छ।

यसअघि कोरोनाको दोस्रो लहरसम्म आइसकेकाले सचेत भएर चाडपर्व मनाउन र अहिलेसम्म बालबालिकाका लागि नेपालमा खोप उपलब्ध नभएकाले बालबालिकालाई जोखिम कम हुने गरी पर्व मनाउन सबै अभिभावकले ध्यान दिनुपर्ने फाउन्डेसनको आह्वान छ।

पछिल्लो समय सार्वजनिक यातायात, मठमन्दिरमा भीड बढेको र त्यसमा बालबालिकासमेत धेरै देखिएकाले सचेतता अपनाउनुपर्नेमा जोड दिइएको छ।


## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**शम्भु प्रसाद यादव**

**प्रमुख, राजविराज नगरपालिका**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**सतिशकुमार सिंह**

**अध्यक्ष, तिलाठी कोइलाडी गाउँपालिका**

## हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**सचिन्द्र दास**

**अध्यक्ष, तथा**

**जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.**

**राजविराज ४, सप्तरी, परिवार**


## विश्व समाचार

### मालदिभ्समा यस वर्ष नौ लाख पर्यटक पुगे

माले, २६ असोज (रासस/सिन्ह्वा)।

कोभिड-१९ को सङ्क्रमणका कारण विगतको समयमा पर्यटकहरुको आगमन रोकिएको मालदिभ्समा यस वर्ष भने ९ लाख भन्दा बढी पर्यटक आएका छन्।

यहाँको पर्यटन मन्त्रालयले दिएको जानकारीअनुसार यस वर्ष मालदिभ्समा नौ लाख पाँच हजार पर्यटक आएका छन्। सो मन्त्रालयले अघिल्लो वर्ष सन् २०२० को यो अवधिको भन्दा १२२ प्रतिशतले बढी पर्यटक मालदिभ्स भित्रिएका हुन्। अघिल्लो वर्ष अर्थात् सन् २०२० मा यहाँ पर्यटक नै आएका थिएनन्।

कोभिडका कारण अघिल्लो वर्ष पर्यटक नआएकामा अहिले यहाँ १२२ प्रतिशतसम्म पर्यटक बढेका सो मन्त्रालयले सोमबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ।

साथै सो मन्त्रालयका अनुसार तर त्यो भन्दा पनि अघिल्लो अर्थात् सन् २०१९ का तुलनामा भने यहाँ पर्यटक कम आएका छन्। सन् २०१९ को यही अवधिका तुलनामा यस वर्ष यहाँ २९ प्रतिशत कम पर्यटक आएका हुन्। यसवर्ष यहाँ आएका पर्यटकमा अधिकांश भारतीय रहेका छन्।

त्यसैगरी एसियाका अरु देशका नागरिक र रुस तथा जर्मनीका पर्यटक यहाँ आएका थिए। यी देशका मात्र यहाँ २३ प्रतिशत पर्यटक आएका थिए।

त्यसपछि यहाँ फ्रान्स, ताजकिस्तान, स्पेन, बेलायत र अमेरिकी पर्यटक आएका छन्। तर यी देशका भने थोरै मात्र पर्यटक यहाँ आएका छन्। मालदिभ्स पर्यटकीय देश हो। मालदिभ्सको राजधानी मालेमा विश्वका देशका नागरिकहरु विदा मनाउन आउने गर्दछन्।

त्यसैले यस देशको मुख्य आय पनि पर्यटन नै हो। तर विश्वका अरु देशहरु जस्तै मालदिभ्सलाई पनि कोभिड १९ को असरले छोएको छ।

### चीनको सान्सी प्रान्तमा आँधीबाट १५ जनाको मृत्यु, ३ बेपत्ता

ताइयुआन (सान्सी) चीने, २६ असोज (रासस-एएनआई)।

लगातार वर्षा र आँधीका कारण उत्तर चीनको सान्सी प्रान्तमा १५ जनाको मृत्यु भएको छ भने तीन जना बेपत्ता छन्।

प्रान्तीय सरकारद्वारा मंगलबार आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार अक्टोबर २ देखि ७ सम्म प्रान्तले सबैभन्दा शक्तिशाली शरदीय बाढीको अनुभव गरेको छ। उक्त वर्षा र आँधीका कारण त्यस प्रान्तमा १० लाख ७६ हजार मानिस प्रभावित भएका छन् भने १, २०,१०० जनालाई स्थानान्तरण गरिएको छ।

यसैगरी ३, ३७, ७०० घर भत्किएका भने २, ३८, ४६० हेक्टर जमिनमा लगाइएको बालीनाली क्षतिग्रस्त भएको छ। जसको कारण ७८० मिलियन अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको सिन्ह्वाले जनाएको छ।

### फिलिपिन्समा आँधीका कारण ९ जानाको मृत्यु, ११ बेपत्ता

मनिला, २६ असोज (रासस/सिन्ह्वा)।

फिलिपिन्समा भीषण उष्ण तटीय आँधी कोम्पासुका कारण गएको बाढी र पहिरामा परी कम्तीमा नौ जनाको मृत्यु भएको छ भने ११ जना बेपत्ता भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्का अनुसार मृतक उत्तरी फिलिपिन्स प्रान्त र लुजोन टापु नजिकै रहेको द्वीप पलावानका बासिन्दा हुन्।

एजेन्सीका अनुसार आँधीका कारण विभिन्न १५ वटा क्षेत्रमा बाढी र चार क्षेत्रमा पहिरो खसेको छ जसका कारण सडक र पुलहरू नराम्रोसँग प्रभावित भएका छन्। आँधीले लुजोन टापुको कम्तीमा तीन क्षेत्रहरूमा १,६०० भन्दा बढी मानिसहरूलाई विस्थापित गरेको छ।

फिलिपिन्स वायुमण्डलीय, भूभौतिकीय र खगोलीय सेवा प्रशासनले जनाए अनुसार स्थानीय समय बिहान १० बजेतिर तूफान लुजोन टापुको उत्तरपूर्वी भागमा कागायन प्रान्तको ३१५ किलोमिटर पश्चिममा देखिएको थियो।

स्थानीय प्रशासनका अनुसार उक्त तूफान पश्चिमतिरबाट उत्तर पश्चिमतिर २० किमी प्रति घण्टा चलिरहेको गतिमा थियो। साथै यसैबीच उत्तरी फिलिपिन्समा भारीका कारण पहिरो र बाढी आउँन सक्ने चेतावनी दिइएको छ।

आँधीबेहरीले फिलिपिन्सलाई नराम्रोसँग सताइरहेको छ र यसले सयौंको ज्यान लिइरहेको छ भने अर्बौं डलरको नोक्सान पुऱ्याएको छ।

# बढ्यो चारपाङ्ग्रेको आयात

वीरगञ्ज, २६ असोज (रासस)।

दसैँतिहार लगायतका चाडपर्वसँगै देशमा चारपाङ्ग्रे सवारीसाधन (जीप कार र भ्यान ) को आयात बढेको पाइएको छ।

गतवर्ष चाडपर्वमा कोभिड-१९को सङ्क्रमण कायमै थियो। अहिले कोभिड- १९ को प्रकोप सामान्य बन्दै गएको अवस्थामा चारपाङ्ग्रेको किनबेचले प्राथमिकता पाएको हो।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चाडपर्व लक्षित गरी गत साउन र भदौमा कूल एक हजार ६७२ वटा सवारी साधन उक्त नाका हुँदै आयात भएको देखिन्छ। सो अवधिमा चारपाङ्ग्रे सवारीसाधन आयातबाट कूल रु पाँच अर्ब २२ करोड ७२ लाख ६१ हजार बराबरको राजस्व सङ्कलन भएको कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो। असोजमा पनि यस्ता सवारीसाधान भित्रिने सङ्ख्या धैरै रहेको देखिन्छ।

यसैगरी वीरगञ्जस्थित सुख्खा बन्दरगाह भन्सार कार्यालयका अनुसार विशेष गरी रेलमार्गको बाटोहुँदै भारतलगायत विभिन्न मुलुकबाट चाडपर्व लक्षित गरी चारपाङ्ग्रे सवारीसाधनको आयात बढेको पाइएको छ।

उक्त नाकाबाट पछिल्लो दुई महिनायता विद्युतीय र विद्युतीयबाहेकका चारपाङ्ग्रे सवारीसाधन जीप, कार र भ्यानको आयात बढेको कार्यालयका प्रमुख डा लालबहादुर खत्रीले जानकारी दिनुभयो। सो कार्यालयका अनुसार साउन र भदौमा २०५ वटा सवारीसाधन नेपाल भित्रीएको देखिन्छ।

## वडा अध्यक्षले ...

प्रसाद काफ्लेले बताउँदै पीडितबाट जाहेरी आईनसकेकोले जाहेरी आउन साथ घटनामा संलग्न भएकाहरुमाथि कारबाही हुने बताए।

यसैबीच वडा अध्यक्ष यादवले आफुले कसैलाई कुटपिट नगरेको दाबी गर्दै महिला भगाएर ल्याएको विषयमा गाउँमा छलफल बसेको बताए। उनले समाजमाथि अश्लिल शब्द प्रयोग गर्दा छलफलमा बसेका केही व्यक्तिसंग सामान्य घम्साघम्सी मात्र भएको बताउँदै युवक आफै लागुऔषध सेवन गरेर बेहोस रहेको उनको भनाई छ।


हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

हिन्दुहरुको महान पर्व २०७८ को वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।



भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
राजविराज ८, परिवार

हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



चन्द्रशेखर चौधरी
अध्यक्ष
राजविराज १, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



समिर झा
अध्यक्ष
राजविराज ५, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



प्रेमकुमार यादव
अध्यक्ष
राजविराज ६, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
iPay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*